प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, श्रावण १० गते, २०८० साल (संख्या ४

भाग-२

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

<u>सूचना</u>

<u>कर्णाली प्रदेश सहकारी नियमावली, २०८०</u>

कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा १३० ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश सहकारी नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश सहकारी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कर्जा" भन्नाले चलअचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज र हर्जना रकम सम्झनु पर्छ।

(ग) "रजिष्ट्रारको कार्यालय" भन्नाले भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले नेपाल सरकारको सहकारी विभाग सम्झनु पर्छ।

(ङ) "विशिष्टीकृत सहकारी संघ" भन्नाले ऐनको दफा ८ बमोजिमको विशिष्टीकृत सहकारी संघ सम्झनु पर्छ।

(च) "व्यवस्थापक" भन्नाले संघ वा संस्थाको व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले महाप्रबन्धक वा प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अधिकृतलाई समेत जनाउँछ।

(छ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(ज) "संस्थागत पुँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

संस्था गठन, दर्ता तथा सञ्चालन

३. **संस्था गठनको शर्तः** (१) ऐनको दफा ३ को उपदफा (५) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहाय बमोजिमका शर्त पालना गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्य मात्र सदस्य भएको हुनु पर्ने,

(ख) सम्बन्धित पेशागत सङ्गठनको सदस्यताको आधारमा संस्थाको कार्यक्षेत्र सिमाना जोडिएका दुई स्थानीय तहका कम्तीमा एक एक वटा वडा र बढीमा एक जिल्ला भएको हुनु पर्ने,

(ग) एक जिल्लामा आफ्नो पेशागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनु पर्ने।

(२) पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा सम्बन्धित पेशागत सङ्गठनको सिफारिस संलग्न गर्नु पर्नेछ।

(३) विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थामा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारीले यस नियम बमोजिम गठन हुने एकै प्रकृतिको कुनै एकमात्र संस्थाको सदस्यता लिन सक्नेछ।

(४) यस नियम बमोजिम दर्ता भएका संस्थाले देहाय बमोजिमको कार्य गर्नु गर्नेछः-

(क) सदस्यबाट विनियममा तोकेको सीमासम्म मासिक बचत सङ्कलन गर्ने,

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यलाई ऋणको रुपमा परिचालन गर्ने,

(ग) सदस्यको बौद्धिक क्षमता तथा हित प्रवर्द्धन सम्बन्धी रचनात्मक कार्य गर्ने।

४. **विशिष्टीकृत सहकारी संघ सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम विशिष्टीकृत सहकारी संघ गठन गर्दा देहाय बमोजिमका शर्त पूरा भएको हुनु पर्नेछः-

(क) आवेदक संस्थाको संयुक्त शेयर पुँजी कम्तीमा पाँच करोड रुपैयाँ भएको,

(ख) आवेदक संस्थाको संयुक्त संस्थागत पुँजी कम्तीमा एक करोड रुपैयाँ भएको,

(ग) आवेदक संस्थाले खरिद गरेको संघको शेयर पुँजी कम्तीमा बीस लाख रुपैयाँ भएको,

(घ) आवेदक संस्था नोक्सानमा नरहेको,

(ङ) आवेदक संस्था स्थापना भएको कम्तीमा तीन वर्ष पूरा भएको,

(च) आवेदक संस्थाले सम्बन्धित नियामक निकायबाट स्वीकृत लिएको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साना किसान, विपन्न महिला तथा श्रमिकले उत्पादन, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी व्यवसाय वा उद्योग संचालन गर्ने प्रयोजनको लागि व्यावसायिक योजनाको आधारमा संयुक्त वा एकल रुपमा विशिष्टीकृत सहकारी संघ गठन गर्दा संस्थाको शेयर पुँजीको सीमा मन्त्रालयबाट स्वीकृत कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

(३) विशिष्टीकृत सहकारी संघ गठन गर्दा स्वरोजगारी तथा मूल्य श्रृङ्खलामा योगदान पुऱ्याउने गरी वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यका आधारमा गठन गर्न सकिनेछ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयगत आधारमा सङ्गठित हुन सक्ने स्तर वा प्रकृतिको व्यवसायका लागि विशिष्टीकृत संघ गठन गर्न सकिने छैन।

(५) उपनियम (१) को खण्ड (ग) बमोजिम आवेदक संस्थाले खरिद गर्ने शेयरको रकम संस्थाको प्राथमिक पुँजी कोष र बचतको अनुपात कम्तीमा एक बराबर पन्ध्र कायम गरी बाँकी रहेको जगेडा कोष र शेयर पुँजीबाट मात्र खरिद गरेको हुनु पर्नेछ।

(६) विशिष्टीकृत सहकारी संघ जुन उद्देश्यका लागि गठन भएको हो सोही कार्य मात्र गर्नु पर्नेछ।

(७) विशिष्टीकृत सहकारी संघले कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनु पर्ने भएमा त्यस्तो अनुमति, स्वीकृति वा इजाजत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

५. **प्रदेश सहकारी बैंकको गठन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १० बमोजिम प्रदेश सहकारी बैंक गठन गर्दा प्रदेशभित्रका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी कम्तीमा एक सय एक वटा संस्था वा संघ आपसमा मिली प्रदेश सहकारी बैंकको गठन गर्न सकिनेछ। यसरी प्रदेश सहकारी बैंक गठन गर्दा प्रदेश सहकारी संघ र प्रदेश बचत तथा ऋण सहकारी संघको गठन भएको अवस्थामा त्यस्तो संघको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रदेश सहकारी बैंकको शेयर पुँजी नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम प्रदेश सहकारी बैंकको गठनको लागि आवेदन दिने संस्था वा संघले देहाय बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) आवेदक संस्था वा संघको संयुक्त शेयर पुँजी कम्तीमा एक अर्ब रुपैयाँ भएको,

(ख) आवेदक संस्था वा संघको संयुक्त संस्थागत पुँजी कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको,

(ग) आवेदक संस्था वा संघ विगत तीन वर्षदेखि निरन्तर नाफामा सञ्चालन भएको।

६. <u>**संस्था वा संघ दर्ताको लगि दरखास्त दिनु पर्ने**</u>: (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्था वा संघ दर्ताको लागि दरखास्त दिँदा ऐनको दफा १२ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसूची-२ बमोजिमको ढाँचामा र ऐनको दफा १२ को उपदफा (२) को खण्ड (ग) बमोजिमको आवेदकको शेयर सम्बन्धी विवरण अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताको लागि दरखास्त दिँदा ऐनको दफा १२ को उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त देहाय बमोजिमका विवरण संलग्न गर्नु पर्नेछः-

(क) प्रारम्भिक भेलाका निर्णय,

(ख) अनुसूची-४ बमोजिमको व्यावसायिक कार्य योजना,

(ग) अनुसूची-५ बमोजिमको सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकम बुझेको भरपाई,

(घ) अनुसूची-६ बमोजिमको तदर्थ सञ्चालक समितिको सदस्यको विवरण,

(ङ) अनुसूची-७ बमोजिमको स्व–घोषणापत्र,

(च) अनुसूची-८ बमोजिमको अधिकार प्रत्यायोजनपत्र,

(छ) आवेदकले विभागले तोके बमोजिम कम्तीमा एक दिनको पूर्व सहकारी शिक्षा प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ज) आवेदकको नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि,

(झ) पेशागत सङ्गठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत सङ्गठनको आवद्धताको परिचयपत्रको प्रमाणित प्रतिलिपि,

(ञ) पेशागत सङ्गठनका आधारमा दर्ता हुने संस्था बाहेकको संस्थाको हकमा त्यस्तो संस्थाको कार्य क्षेत्रभित्र बसोबास गरेको पुष्ट्याईं हुने प्रमाण,

(ट) प्रत्येक आवेदक संस्थाको कार्य योजना बमोजिमको सेवा उपयोग गर्ने आधार,

(ठ) मन्त्रालयबाट स्वीकृत निर्देशिका, कार्यविधि वा मापदण्डमा उल्लेख भएका अन्य आवश्यक कागजात वा विवरण।

(४) उपनियम (१) बमोजिम संघ दर्ता गर्नको लागि दरखास्त दिँदा दरखास्तसाथ देहाय बमोजिमको कागजात तथा विवरण संलग्न गर्नु पर्नेछः–

(क) उपनियम (३) को खण्ड (क), (ख), (घ) र (च) मा उल्लिखित कागजात,

(ख) शेयर पुँजी तथा प्रवेश शुल्क बापत सदस्यबाट सङ्कलित रकम “क” वर्गको वाणिज्य बैंकमा जम्मा गरेको बैंक भौचर,

(ग) अनुसूची-९ बमोजिमको आवेदक संस्था वा संघको विवरण,

(घ) प्रदेश विषयगत सहकारी संघको हकमा प्रदेश सहकारी संघको सिफारिस।

तर प्रदेश विषयगत सहकारी संघले सिफारिस माग गरी प्रदेश सहकारी संघमा निवेदन पेश गरेको र प्रदेश सहकारी संघले प्रचलित कानून बमोजिम सिफारिस

आन्तरिक मामिला तथा कानून मन्त्रालय

दिन नमिल्ने अवस्थाको कारण सहित लिखित पत्र दिएको खण्डमा बाहेक निवेदन पेश गरेको मितिले एक महिनासम्म सिफारिस नदिएको अवस्थामा सिफारिस प्राप्त नभएकै कारणले दर्ता प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन।

(५) प्रदेश सहकारी संघ गठन नभएको अवस्थामा उपनियम ४ को खण्ड (घ) बमोजिमको सिफारिस आवश्यक पर्ने छैन।

(६) प्रदेश सहकारी बैंक दर्ता गर्नको लागि दरखास्त दिँदा देहाय बमोजिमका विवरण संलग्न गर्नु पर्नेछः–

(क) आवेदक संस्था वा संघको अनुसूची-१० बमोजिमको विवरण,

(ख) उपनियम (२), उपनियम (३) को खण्ड (क), (ख), (घ) र (च) तथा उपनियम (४) को खण्ड (ख) मा उल्लिखित कागजात।

(७) विशिष्टीकृत सहकारी संघ दर्ता गर्नको लागि दरखास्त दिँदा देहाय बमोजिमको विवरण संलग्न गर्नु पर्नेछः–

(क) आवेदक संस्थाको अनुसूची-११ बमोजिमको विवरण,

(ख) उपनियम (२), उपनियम (३) को खण्ड (क), (ख), (घ) र (च) तथा उपनियम (४) को खण्ड (ख) मा उल्लिखित कागजात।

७. **<u>बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः</u>** (१) बचत तथा ऋणको मात्र कारोबार गर्ने वा बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको दर्ता गर्दा देहाय बमोजिम जनसङ्ख्यालाई आधार मानी गर्नु पर्नेछः-

(क) नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी,

(ख) गाउँपालिकाको हकमा प्रत्येक पाँच सय जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी।

(२) उपनियम (१) बमोजिम संस्थाको सङ्ख्या निर्धारण गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाभित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको मात्र आधार लिइनेछ।

८. **दर्ताको प्राथमिकताः** संघ दर्ताको लागि एकभन्दा बढी दरखास्त परेमा रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई प्राथमिकता दिइनेछ।

९. **दर्ताको प्रमाणपत्रः** (१) ऐनको दफा १३ बमोजिम दर्ता भएको संस्था वा संघलाई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले अनुसूची-१२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत प्रदेशभित्रका एकभन्दा बढी स्थानीय तहसम्म कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था ऐन र यस नियमावली बमोजिम दर्ता भएको मानिनेछ।

१०. **संस्थाको कार्यक्षेत्रः** (१) ऐनको दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा प्रदेशभित्रका सिमाना जोडिएका वडाहरु समावेश हुने गरी दुई स्थानीय तहसम्म कार्यक्षेत्र हुनेछ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था बाहेकका सदस्यको सिप र पेशामा आधारित रही व्यावसायिक कारोबार गर्ने संस्थाको हकमा त्यस्तो संस्थाको प्रकृति वा भौगोलिक अवस्थितिको आधारमा फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने देखिएमा कम्तीमा दुई वटा स्थानीय तह र बढीमा एक जिल्लासम्म कार्यक्षेत्र हुनेछ।

तर, एक अर्व रुपैयाँभन्दा बढी पुँजी परिचालन गरी व्यावसायिक कार्य सञ्चालन गर्ने संस्थाको हकमा प्रदेश सरकारले प्रदेशभर कार्यक्षेत्र स्वीकृत गर्न सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फरक फरक जिल्लाका कुनै दुई वटा स्थानीय तहको भौगोलिक सिमाना

जोडिएको भएमा प्रदेशभित्रका दुई जिल्ला कार्यक्षेत्र कायम गर्न बाधा पर्ने छैन।

तर यसरी कार्य क्षेत्र तोक्दा सम्पूर्ण जिल्लाभर नभई सीमा जोडिएको स्थानीय तहसम्म मात्र कार्यक्षेत्र सीमित हुनेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावित कार्यक्षेत्रको कुनै स्थानीय तहको कुनै वडामा संस्थाका आवेदकको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिने छैन।

(५) ऐनको दफा १६ को उपदफा (३) बमोजिम कार्यक्षेत्र विस्तारको आधार देहाय बमोजिम हुनेछः-

(क) उत्पादनको सङ्कलन, सञ्चय र प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिंचाई सुविधा, प्राविधिक रेखदेख र रोग नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नु पर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख र स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्रको विस्तार गर्न आवश्यक भएको।

(६) ऐन तथा यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाको कार्यक्षेत्र कायम गर्ने प्रयोजनको लागि त्यस्तो संस्थाले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा देहाय बमोजिमको विवरण खुलाई पेश गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता तथा सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा ३० को उपदफा (१) बमोजिम दोहोरो सदस्यता हुने अवस्था नरहने सुनिश्चत गरिएको,

(घ) संस्थाको विनियम संशोधन प्रक्रिया पूरा भएको।

(७) ऐनको दफा १६ को उपदफा (४) बमोजिमको प्रतिवेदनमा देहाय बमोजिमका विवरण संलग्न गर्नु पर्नेछः–

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र बमोजिमको सञ्चालन खर्च, कारोबार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रभित्रको जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेको उद्योग, लगानी तथा व्यावसायिक सेवा सुविधाको जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण।

(८) ऐनको दफा १६ को उपदफा (५) को खण्ड (क) बमोजिम संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र पुनः निर्धारण गर्न निर्देशन दिँदा झिकिने कार्यक्षेत्रको सदस्य सङ्ख्या जम्मा सदस्य सङ्ख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य सङ्ख्या भएको हुनु पर्नेछ।

(९) ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ख) बमोजिम संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिँदा झिकिने कार्यक्षेत्रभरिको पाँच करोड रुपैयाँ वा जम्मा कारोबारको पन्ध्र प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको हुनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस उपनियमको प्रयोजनको लागि "कारोबार" भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

११. <u>संस्था वा संघको वर्गीकरण</u>: (१) विषयगत आधारमा संस्था वा संघको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) उत्पादक संस्था वा संघ,

(ख) उपभोक्ता संस्था वा संघ,

(ग) वित्तीय संस्था वा संघ,

(घ) श्रमिक संस्था वा संघ,

(ङ) बहुउद्देश्यीय संस्था वा संघ।

<u>स्पष्टीकरण</u>: यस उपनियमको प्रयोजनको लागि,-

(१) "उत्पादक संस्था वा संघ" भन्नाले कृषि, दुग्ध, चिया, कफी, जडीबुटी, बीउबिजन, मौरीपालन, तरकारी तथा फलफूल, पशुपन्छीपालन र माछापालन विशेषका विषयगत र अदुवा बाली तथा उत्पादनको योजना समेतका आधारमा आफैले उत्पादनको कार्य गर्ने उत्पादनमूलक संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएको संघ सम्झनु पर्छ।

(२) "उपभोक्ता संस्था वा संघ" भन्नाले उपभोक्ता भण्डार, विद्युत्, सञ्चार र स्वास्थ्य एवम् उपभोग्य वस्तु तथा सेवा उपभोग गर्ने व्यक्ति सदस्य भई स्थापना र सञ्चालन हुने विषयगत र प्राथमिक आवश्यकता तथा सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएका संघ सम्झनु पर्छ।

(३) "वित्तीय संस्था वा संघ" भन्नाले आफ्नो शेयर सदस्यभित्र बचत तथा ऋणको मात्र कारोबार गर्ने संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएको संघ सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) "श्रमिक संस्था वा संघ" भन्नाले हस्तकला, खाद्य परिकार, गैरखाद्य औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सिप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना लगायत अन्य श्रममा आधारित श्रमिक मात्र शेयर सदस्य भई स्थापना र संचालन हुने संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएका संघ सम्झनु पर्छ।

(५) "बहुउद्देश्यीय संस्था वा संघ" भन्नाले उत्पादन, उपभोग, वित्तीय र श्रम वा सिपमा आधारित स्वरोजगारीको सेवा मध्ये कुनै दुई वा दुईभन्दा बढी प्रकृतिको सेवा सञ्चालन गर्ने बहुउद्देश्यीय संस्था वा त्यस्ता संस्थाको हित प्रवर्द्धनका लागि गठन भएका संघ सम्झनु पर्छ।

(२) संघको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) उपनियम (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका जिल्ला र प्रदेश विषयगत संघ,

(ख) उपनियम (१) को खण्ड (ङ) बमोजिमका जिल्ला र प्रदेश बहुउद्देश्यीय संघ,

(ग) जिल्ला र प्रदेश सहकारी संघ,

(घ) विशिष्टीकृत संघ।

तर यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक तहमा उपनियम (१) बमोजिमका अन्य संस्था गठन गर्न बाधा पर्ने छैन।

(३) प्रदेश सहकारी बैंकको वर्गीकरण नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ।

१२. **<u>संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन</u>ः** (१) ऐनको दफा १९ को उपदफा (५) बमोजिम संयुक्त

वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न चाहने संस्थाले देहायको अवस्थामा सो सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित संस्थाका सदस्यले आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रवर्द्धनको प्रयोजन खुलेको,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली तथा प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावको विस्तृत रुपरेखा तयार गरिएको,

(ग) खण्ड (ख) बमोजिमको प्रस्ताव र सम्बद्ध संस्था प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्ताव संयुक्त वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरु बीच कम्तीमा पाँच वर्षको करार भएको,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा दर्ता गर्नु पर्ने संयुक्त वा साझेदारी व्यवसाय त्यस्तो निकायमा दर्ता भएको,

(छ) प्रस्तावित संयुक्त साझेदारी व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति, स्वीकति वा इजाजतपत्र लिनु पर्ने भए त्यस्तो अनुमति, स्वीकति वा इजाजतपत्र लिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति दिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले छुट्टै अभिलेख राख्नु पर्नेछ।

(४) संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्थाले रजिष्ट्रारले तोकेको ढाँचामा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन रजिष्ट्रारको कार्यालयमा पेश गर्नु पर्नेछ।

१३. **उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार**ः संस्था वा संघले उत्पादन गरेको वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार सहकारी नियमावली, २०७५ बमोजिम हुनेछ।

१४. **संस्थाको विनियम**ः ऐनको दफा २५ बमोजिम संस्थाले विनियम बनाउँदा अनुसूची-१३ मा उल्लिखित विषय समावेश गर्नु पर्नेछ।

परिच्छेद-३

सदस्यता

१५. **संघको सदस्यता लिने प्रक्रिया**ः संघको सदस्यता लिँदा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) विषयगत सहकारी संघको हकमा नियम ११ को उपनियम (१) बमोजिमका एकै तहका विषयगत संघहरुमध्ये कुनै एकमात्र विषयगत संघको सदस्य भएको,

(ख) सम्बन्धित संघको विनियममा उल्लिखित आधार र प्रक्रिया पूरा गरेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१६. <u>सदस्यताको समाप्तिः</u> (१) ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहाय बमोजिमको अवस्था पूरा भएको हुनु पर्नेछः-

(क) सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको,

(ग) सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाई पेस गर्न मनासिब माफिकको मौका दिएको,

(घ) सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिबाट निर्णय भएको।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेको निर्णयमा चित्त नबुझेमा सम्बन्धित सदस्यले रजिष्ट्रार समक्ष उजुरी गर्न सक्नेछ र सो सम्बन्धमा रजिष्ट्रारले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद-४

<u>साधारण सभा र समिति सम्बन्धी व्यवस्था</u>

१७. <u>साधारण सभा सम्बन्धी विशेष व्यवस्थाः</u> (१) ऐनको दफा ३८ को उपदफा (५) बमोजिम साधारण सभा गर्दा न्यूनतम पाँच सय जना सदस्य सङ्ख्या समेट्ने गरी साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभा सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

१८. <u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

तर दुई बैठक बिचको अवधि पैतालीस दिनभन्दा बढी हुने छैन।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विषयगत सहकारी संघ र प्रदेश सहकारी संघको समितिको दुई बैठक बीचको अवधि बढीमा तीन महिनासम्म हुन सक्नेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। समितिको अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। समितिको अध्यक्ष र उपाध्यक्ष अनुपस्थित भएमा समितिको सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) उपनियम (२) र (३) को अवधिभित्र समितिको बैठक नबोलाएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन समितिको अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यसरी अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम समितिको अध्यक्षले बैठक नबोलाएको अवस्थामा समितिको बहुमत सदस्य उपस्थित भई समितिको बैठक बोलाउन सक्नेछन्।

(७) उपनियम (६) बमोजिम बोलाएको बैठकको अध्यक्षता समितिको उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ।

(८) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र समितिको बहुमत सदस्यबाट प्रमाणित गर्नु पर्नेछ।

(९) समितिको बैठकको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्या हुनेछ।

(१०) संघ वा संस्था नाफामा रहेको अवस्थामा समितिको सदस्य तथा पदाधिकारीले प्रति महिना बढीमा एउटा बैठकको मन्त्रालयबाट

निर्धारण गरे बमोजिमको बैठक भत्ता र कुनै निश्चित कार्यका लागि खटिएको अवस्थामा कार्य दिनको हिसाबले साधारण सभाबाट निर्णय भएको दरमा भत्ता र यातायात खर्च भुक्तानी लिन सक्नेछ।

तर संघ वा संस्थाको समितिको सदस्य तथा पदाधिकारीले कुनै पदनाम सृजना गरी वा कुनै रुपमा मासिक हिसाबले तलब सुविधा लिन पाउने छैन।

१९. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ४१ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाको कार्य सञ्चालनमा सदस्यको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्ने तथा साधारण सभा र रजिष्ट्रारले दिएको निर्देशनको कार्यान्वयन गर्ने वा गराउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने वा गराउने,

(ङ) संस्थाको कार्य सञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाको कार्यान्वयन गर्ने वा गराउने,

(च) आवश्यकता अनुसार उपसमिति गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) संस्थाको विनियममा उल्लिखित अन्य कार्य गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२०. **<u>तदर्थ समितिको गठनः</u>** (१) ऐनको दफा ४५ को उपदफा (४) को प्रयोजनको लागि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित संस्थाका सदस्यहरुमध्येबाट अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष तथा तीन जना सदस्य गरी जम्मा सात जनाको तदर्थ समिति गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला समावेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको तदर्थ समिति गठनको आधार देहाय बमोजिम हुनेछः-

(क) सदस्यको नाममा संस्थालाई तिर्नु पर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता नरहेको,

(ख) एक परिवारका एक मात्र सदस्य रहेको,

(ग) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य नरहेको।

२१. **<u>समिति तथा लेखा सुपरिवेक्षण समितिको सदस्यको योग्यताः</u>** (१) समितिको सदस्य र लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने अवस्थामा बाहेक संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको,

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु, भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) लेखा सुपरीवेक्षण समितिको हकमा लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको।

तर बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजकको हकमा उपलब्ध भएसम्म व्यवस्थापन विषयमा र उपलब्ध

आन्तरिक मामिला तथा कानून मन्त्रालय

नभएको अवस्थामा अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनुअघि लेखा सुपरीवेक्षण समितिमा रहेका संयोजक र सदस्यले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र लेखापालन वा लेखापरीक्षण तालिम लिई सक्नु पर्नेछ।

(३) उपनियमा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समिति तथा लेखा सुपरिवेक्षण समितिमा एउटै पदमा लगातार दुई कार्यकालभन्दा बढी निर्वाचित हुन सक्ने छैन।

परिच्छेद-५

बचत तथा ऋणको परिचालन र कोष सम्बन्धी व्यवस्था

२२. **सदस्यको रकम फिर्ताः** (१) संस्थाको सदस्यले सदस्यता त्याग गर्न चाहेमा सो को ब्यहोरा खुलाई आफूले पाउनु पर्ने रकम समेत माग गरी सम्बन्धित संस्था समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदकले पाउनु पर्ने देहाय बमोजिमको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई फिर्ता दिनु पर्नेछः-

(क) निवेदकको शेयरको अङ्कित मूल्य बराबरको रकम,

(ख) निवेदकले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम,

(ग) निवेदकले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई फिर्ता दिनु पर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ।

(४) ऐनको दफा ६२ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याजसहित संस्थालाई निजले लिएको ऋण बापत तिर्नु पर्ने कुनै दायित्व भए सो कट्टा गरी तुरुन्त फिर्ता गर्नु पर्नेछ।

तर आवधिक बचतको रकम निर्धारित अवधि भुक्तान भएपछि फिर्ता गर्नु पर्नेछ।

२३. <u>संरक्षित पुँजी फिर्ता कोषबाट रकम उपलब्ध गराउने आधार</u>: (१) ऐनको दफा ६७ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई रकम उपलब्ध गराउँदा अनुसूची-१४ बमोजिम फिर्ता गर्नु पर्नेछ।

(२) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ र आर्थिक वर्षको अन्तमा वितरण नगरिएको वा वितरण गरी बाँकी रहेको रकम जगेडा कोषमा सार्नु पर्नेछ।

२४. <u>अन्य कोष सम्बन्धी व्यवस्था</u>: (१) ऐनको दफा ६९ को प्रयोजनको लागि संस्थामा देहाय बमोजिमका अन्य कोष रहन सक्नेछ:-

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) अन्य जोखिम व्यवस्थापन कोष।

(२) संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ६६ बमोजिमको जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ६७ बमोजिमको संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

दफा ६८ बमोजिमको सहकारी प्रवर्द्धन कोषमा छुट्टयाएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी उपनियम (१) बमोजिमका प्रत्येक कोषमा कम्तीमा पाँच प्रतिशत रकम पर्ने गरी छुट्याई वितरण गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलबभन्दा बढी नहुने गरी रकम वितरण गर्न सकिनेछ।

२५. **अभिलेखः** (१) संस्थाले आफ्नो कार्य सञ्चालनको अभिलेख रजिष्ट्रारको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अभिलेख राख्दा देहाय बमोजिमका किताब, खाताबही तथा विवरण समेत राख्नु पर्नेछः-

(क) अनुसूची-३, अनुसूची-९, अनुसूची-१० र अनुसूची-११ बमोजिमको विवरण,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा, समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका बैठकको छुट्टाछुट्टै निर्णय पुस्तिका,

(ग) नगदी बही,

(घ) संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखिने किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु तथा सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग–अलग खाता तथा सहायक खाता,

(ञ) हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरणपत्र,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ट) रजिष्ट्रारको कार्यालयले तोकेको अन्य विवरण तथा कागजात।

(३) संस्थाको व्यवस्थित अभिलेख राख्ने प्रयोजनका लागि रजिष्ट्रारको कार्यालयले विद्युतीय सफ्टवेयर तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउन सक्नेछ।

(४) पाँच करोड रुपैयाँभन्दा बढी जायजेथा भएको संस्थाले उपनियम (१) बमोजिम राख्नु पर्ने अभिलेख विभागले तोके बमोजिमको मापदण्ड पूरा भएको विद्युतीय प्रणाली (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नु पर्नेछ।

(५) संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७ बमोजिम विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टी गर्नु पर्नेछ।

तर सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्नु पर्नेछ।

(६) उपनियम (४) र (५) बमोजिमको विवरण पृष्ठ सुरक्षा (ब्याक अप) सहित संरक्षण गर्नु पर्नेछ।

परिच्छेद-६

छुट तथा सुविधा र ऋण असुली सम्बन्धी व्यवस्था

२६. **छुट, सुविधा र सहुलियतः** (१) ऐनको दफा ७६ बमोजिम छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) ऐनको दफा ७६ को उपदफा (१) को खण्ड (ख) बमोजिम छुट, सुविधा वा सहुलियत प्राप्त गर्नको लागि देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः-

(क) निवेदन दिनु अघि रजिष्ट्रेसन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपूर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) खरिद गर्ने घर जग्गाधनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, ट्रेस नक्सा, क्षेत्रफल र मूल्य खुलेको विवरण सहित खरिद सम्बन्धमा साधारण सभाको बैठकबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पुँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र बचत रकमको दर्तावाला लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कुनै निर्देशन दिएको भए त्यस्तो निर्देशन कार्यान्वयनको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी रजिष्ट्रारले छुट, सुविधा वा सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

२७. <u>ऋण तथा बाँकी बक्यौता असुली</u>: (१) संस्थाले ऋण तथा बाँकी बक्यौता असूल उपर गर्दा बाँकी बक्यौता, तिर्नु वा बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन वा रकम तिरे वा बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न म्याद जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु, बुझाउनु पर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिर्न, बझाउनु

पर्ने रकम बुझाएको प्रमाण पेश नगरेमा धितो लिलाम बिक्री गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनको सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना धितो लिलाम हुने व्यक्तिलाई समेत दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचना संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको सूचनामा धितोको विवरण, बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जानाको रकम, लिलाम हुने मिति, समय र स्थान खुलाउनु पर्नेछ।

(५) उपनियम (२) बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(६) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ।

तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ।

(७) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मूल्य कायम गर्नु पर्नेछ। यसरी कायम भएको मूल्यबाट डाँक बढाबढ सुरु गरी डाँक बढाबढ गर्न उपस्थित व्यक्तिहरुमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्नेछ।

तर समितिको पदाधिकारी, लेखा सुपरिवेक्षण समितिको पदाधिकारी, उपसमितिको पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजको नजिकको नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(८) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क र अक्षरमा स्पष्ट खोली निजको सहीछाप गराउनु पर्नेछ।

(९) यस नियम बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालयको प्रतिनिधि, सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य र वडा सचिवलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिमको कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीय तहको वडा कार्यालयका वडा अध्यक्ष वा निजले खटाएको वडा सदस्य र वडा सचिवलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सम्बन्धित व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पर्ने छैन।

२८. **<u>लिलाम बिक्री स्थगित गर्न सक्ने</u>**: नियम २७ बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बिच सहमति भई लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने संस्था वा रजिष्ट्रारले त्यस्तो लिलाम बिक्रीका लागि बढीमा पैंतीस दिनसम्म स्थगित गर्न सक्नेछ।

२९. **<u>असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असूल उपर गर्ने</u>**: (१) धितो राखेको सम्पत्ति लिलाम बिक्रीको रकमबाट सावाँ, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा ऐन तथा प्रचलित कानून

बमोजिम बाँकी बक्यौता असूल उपर गर्नु पर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २७ मा उल्लिखित प्रक्रिया अपनाई लिलाम बिक्री गरी असूल उपर गर्नु पर्नेछ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असूल उपर गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको सावाँ, ब्याज र हर्जाना असुल उपर गर्नु पर्नेछ।

३०. **<u>बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने</u>**: सहकारी नियमावली, २०७५ बमोजिम बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने भनि उल्लेख भएको संस्थाको घर जग्गा लगायतका अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न, धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन।

तर त्यस्तो संस्थाले ऋण वा बाँकी बक्यौता बापत धितो लिएको वा आफैंले धितो सकार गरेको घर र जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

३१. **<u>लिलाम सकार गर्ने व्यक्तिबाट रकम असुल गर्ने</u>**: (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशतले हुने रकम सोही दिन धरौटी स्वरुप लिनु पर्नेछ र बाँकी नब्बे प्रतिशतले हुने रकम लिलाम सकार गरेको मितिले सात दिनभित्र बुझाइसक्नु पर्नेछ। त्यस्तो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने ब्यहोराको कागज गराउनु पर्नेछ।

(२) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा संस्थाले निजको नाउँमा लिलाम भएको जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेसन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

३२. **<u>लिलाम बिक्री नभएमा जायजेथा संस्थाको स्वामित्वमा रहने</u>:** (१) नियम २७ र २९ बमोजिम लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा नियम २७ को उपनियम (७) बमोजिम कायम मूल्यमा सम्बन्धित संस्थाले सकार गर्न सक्नेछ। त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयले संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा सोही बमोजिम रजिष्ट्रेसन वा दाखिल खारेज गरिदिनु पर्नेछ।

३३. **<u>जायजेथा फिर्ता दिनुपर्ने</u>:** नियम ३२ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु वा बुझाउनु पर्ने सावाँ र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई फिर्ता दिनु पर्नेछ।

३४. **<u>कालोसूची र कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था</u>:** ऐनको दफा ७८ बमोजिमको कालोसूची र दफा ७९ बमोजिमको कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था सहकारी नियमावली, २०७५ बमोजिम हुनेछ।

परिच्छेद-७

<u>एकीकरण, विघटन र दर्ता खारेज</u>

३५. **<u>संस्थाको एकीकरण</u>:** (१) ऐनको दफा ८५ बमोजिम दुई वा दुईभन्दा बढी संस्था एकीकरण गर्दा देहाय बमोजिमका शर्त पूरा भएको हुनु पर्नेछः-

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको,

(ख) एकै विषय वा प्रकृतिका संस्था भएको,

तर फरक विषय वा प्रकृतिका भएमा एकै विषयमा प्रतिस्पर्धा गरेको हुनु पर्नेछ।

(ग) सदस्यको प्रत्यक्ष सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा सामान्यतयाः मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझा सहकारी संस्थालाई एकीकरण गरिने छैन।

(४) महिला मात्र सदस्य रहेको संस्थालाई त्यस्तै प्रकृतिको महिला मात्र रहेको संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ।

तर विपन्न महिला र पिछडिएका समुदायमा स्थापित संस्थाको साङ्गठनिक गतिशिलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

(५) यस नियम बमोजिम संघको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नु पर्नेछ।

तर उपनियम (८) बमोजिम एकीकरण हुने संघको हकमा यो उपनियम लागू हुने छैन।

(६) एकीकरणमा सहभागी हुन चाहने संस्थाले एकीकरणमा सहभागी हुनु अघि सम्बन्धित संस्थाको नियमन क्षेत्राधिकार भएको निकायबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(७) प्रदेश सहकारी बैंकको एकीकरण गर्दा रजिष्ट्रारले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ।

(८) यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेका ऐनको दफा ४ बमोजिमको न्यूनतम सदस्य सङ्ख्या नपुगेको जिल्ला विषयगत सहकारी संघ वा नियम ११ को उपनियम (१) मा

उल्लिखित विषयभित्र नपर्ने जिल्ला विषयगत सहकारी संघ दुई वर्षभित्र यस नियम बमोजिम सम्बन्धित संघमा एकीकरण गर्नु पर्नेछ।

(९) एकीकरणका अन्य सर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

३६. **संस्थाको विभाजनः** (१) ऐनको दफा ८५ बमोजिम संस्थाको विभाजन गर्दा देहाय बमोजिमको सर्त पूरा भएको हुनु पर्नेछः-

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा त्यस्तो संस्थाको कार्यक्षेत्र कम्तीमा दुई स्थानीय तहमा भएको,

(ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा कायम हुने संस्थाको कार्य सञ्चालनमा सदस्यको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(२) संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृति अनुसार नियम ११ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ।

(३) विभाजनका अन्य सर्त, आधार र प्रक्रिया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

३७. **पूर्व सहमति लिनु पर्नेः** नियम ३५ र ३६ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैंक, वित्तीय संस्था वा दातृ-निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व सहमति लिनु पर्नेछ।

परिच्छेद-८

कर्जा असूली न्यायाधिकरण तथा लिक्विडेटर सम्बन्धी व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३८. **कर्जा असूली न्यायाधिकरणः** कर्जा असूली न्यायाधिकरण गठन र सञ्चालन सम्बन्धी व्यवस्था प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

३९. **लिक्विडेटरको नियुक्तिः** (१) पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा रजिष्ट्रारले आफू मातहतको कम्तीमा अधिकृतस्तर सातौं तहको कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कर्मचारी रजिष्ट्रारको कार्यालयमा उपलब्ध हुन नसकेमा रजिष्ट्रारले मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा मन्त्रालयले लिक्विडेटर नियुक्तिको लागि कर्मचारी तोकी पठाउनु पर्नेछ। त्यसरी तोकी आएको कर्मचारीलाई रजिष्ट्रारले लिक्विडेटर नियुक्त गर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम नियुक्त लिक्विडेटरलाई रजिष्ट्रारले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ।

४०. **लिक्विडेटरको काम, कर्तव्य र अधिकारः** (१) लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विघटन भएको संस्थाबाट असुल हुन बाँकी रहेको रकम असुल गर्नका लागि सो संस्थाका बहालवाला वा साबिकवाला सदस्य वा मृत सदस्यको जायजेथाबाट बाँकी रकम नियम २७ र २९ बमोजिम असुल उपर गर्ने,

(ख) विघटन भएको संस्थासँग कुनै रकम कलम लिन बाँकी रहेछ भने तोकेको म्यादभित्र सो रकमको दाबी गर्न आउनु भनी वा सो दाबी गरिएको रकम प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) रकम वितरण गर्दा साहुहरुमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) संस्था विघटन गर्ने सिलसिलामा संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने,

(च) आवश्यकता अनुसार सदस्यहरुको बैठक बोलाउने,

(छ) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) संस्थाको सम्पत्ति बेचबिखन गर्ने,

(झ) सरोकारवालासँगको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्वडेटरले आवश्यक अनुसार संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षी र संस्था वा संघको कुनै कर्मचारीलाई आफूसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ।

४१. **लिक्विडेसन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकारः** नियम ४० बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई रजिष्ट्रारले दोहोऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछः-

(क) निर्देशन विपरीत लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खाताबही, कागजात, लिखत वा जायजेथा पेस गराउन,

(ग) नियम ४० बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोक्न,

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ४० उपनियम (१) को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र नियम ४० को उपनियम (१) को खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गर्न,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवम् भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को व्यक्तिलाई लिक्विडेटर नियुक्त गर्न।

४२. **<u>दायित्व भुक्तानी</u>**: (१) ऐनको दफा ८६ बमोजिम दर्ता खारेज वा विघटन भएको संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार खर्च गर्न सकिनेछः-

(क) विघटनको कामको निमित्त भएका खर्च फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता भुक्तानी गर्न,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकम दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समयको हकमा लाभाँश वितरण गर्न।

(२) कुनै संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले छ महिनाभित्र त्यस्तो संस्थाको कोषउपर साहुले आफूले पाउनुपर्ने रकमको लागि दाबी गरिसक्नु पर्नेछ र त्यस्तो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारबाही हुने छैन।

परिच्छेद-९

<u>बचत तथा कर्जा सुरक्षण</u>

४३. **<u>सहकारी बचत तथा कर्जा सुरक्षण कोष सञ्चालनः</u>** ऐनको दफा ९७ बमोजिमको सहकारी बचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन प्रदेश सरकारले सो कोष स्थापना गर्दाका बखत तोके बमोजिम हुनेछ।

४४. **<u>आपसी सुरक्षण सेवा सञ्चालनः</u>** (१) ऐनको दफा ९८ को उपदफा (२) बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्ने संस्थाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) संस्था दर्ता भएको कम्तीमा तीन वर्ष पूरा भएको,

(ख) विगत दुई वर्षदेखि संस्था नाफामा सञ्चालन भएको,

(ग) सुरक्षण गरिने बालीनालीको खेती गर्ने वा बस्तुभाउ पाल्ने सदस्यको सङ्ख्या कम्तीमा एक सय भएको,

(घ) जगेडा कोषमा कम्तीमा पचास लाख रुपैयाँ र घाटापूर्ति कोषमा कम्तीमा पच्चिस लाख रुपैयाँ भएको,

(ङ) शेयर पुँजी कम्तीमा एक करोड रुपैंया भएको,

(च) संस्थाले बचत परिचालन गरेको भए ऐनको दफा ४८ को उपदफा (२) मा निर्धारित सीमाभित्र नियमित प्रकृतिको बचत मात्र परिचालन गरेको,

(छ) शेयर पुँजी तथा संस्थागत पुँजी गरी जम्मा बचत दायित्वको कम्तीमा बीस प्रतिशत पुगेको।

(२) आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

परिच्छेद-१०

<u>निरीक्षण तथा अनुगमन</u>

४५. **<u>नेपाल राष्ट्र बैंकले निरीक्षण तथा हिसाबकिताब जाँच गर्न सक्नेः</u>** (१) ऐनको दफा ९१ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले सहकारी बैंङ्क र पचास करोड रुपैयाँभन्दा बढीको बचत तथा

ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण वा हिसाबकिताब जाँच गर्न वा गराउन सक्नेछ।

(२) रजिष्ट्रारले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण वा हिसाबजाँच प्रतिवेदन बमोजिमका सिफारिसको कार्यान्वयनको व्यवस्था मिलाउनु पर्नेछ।

४६. **नियमित अनुगमन गर्नु पर्नेः** (१) रजिष्ट्रारको कार्यालयले संस्था र संघको नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षणको लागि आवश्यक विषय समावेश गरी निरीक्षण तथा अनुगमन फाराम तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निरीक्षण तथा अनुगमन फाराम रजिष्ट्रारले स्वीकृत गरेपछि मात्र लागू हुनेछ।

(४) मन्त्रालयले निरीक्षण तथा अनुगमनका सम्बन्धमा रजिष्ट्रारको कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा आवश्यक सहयोग गर्नु सम्बन्धित संघ वा संस्थाको दायित्व हुनेछ।

(६) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन गर्दा उपनियम (२) बमोजिमको फारामको प्रयोग गरी मन्त्रालयबाट स्वीकृत निर्देशिका बमोजिम गर्नु पर्नेछ।

(७) मन्त्रालयले यस नियमावली बमोजिम संचालित संघ र संस्थाको आर्थिक, प्रशासनिक र वित्तीय पक्षलाई समेटी संस्थागत सुशासनका सूचक निर्माण गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिमको सूचकलाई समावेश गरी मन्त्रालयले सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीमा संघ र संस्थाद्वारा प्रविष्ट गरिएको विवरणका आधारमा रजिष्ट्रारको कार्यालयले संघ र संस्थाको अवस्था विश्लेषण गरी वार्षिक रुपमा नतिजा सार्वजनिक गर्न सक्नेछ।

४७. **<u>निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) ऐनको दफा ९३ को उपदफा (४) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने देहाय बमोजिमका संस्थाको हकमा संघीय मन्त्रालय, नेपाल राष्ट्र बैंक र विभागसँग समन्वय गरी देहाय बमोजिमको संयुक्त टोली बनाई अनुगमन गर्नु पर्नेछः-

(क) स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका पाँच करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका संस्थाको स्थानीय तह र मन्त्रालय वा रजिष्ट्रारको कार्यालयको तर्फबाट,

(ख) स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका पच्चीस करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका संस्थाको स्थानीय तह वा मन्त्रालय वा रजिष्ट्रारको कार्यालय र विभागको तर्फबाट,

(ग) पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका संस्थाको स्थानीय तह वा मन्त्रालय वा रजिष्ट्रारको कार्यालय, विभाग र नेपाल राष्ट्र बैंकको तर्फबाट।

तर पचास करोड रुपैयाँभन्दा बढी कारोबार भएका जुनसुकै संस्थाको विभागबाट अनुगमन गर्न बाधा पर्ने छैन।

(२) संघ तथा संस्थाले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र संघीय मन्त्रालयबाट स्वीकृत एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसक्नु पर्नेछ।

(३) संस्थाले सुरक्षण, वित्तिय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा विभागले तोकेका मानकको पालना गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको सूचना प्रणाली समेतका आधारमा रजिष्ट्रारले उपनियम (३) बमोजिम मानक पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी मानक पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ।

(५) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

४८. **वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनु पर्ने विवरणः** ऐनको दफा ९६ को उपदफा (३) मा उल्लिखित विवरणको अतिरिक्त वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनु पर्ने विवरण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-११

विविध

४९. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर जाँचबुझ गरी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) नियमित रुपमा संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्ने र व्यवस्थापन सूचना प्रणालीका आधारमा संस्थाको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ग) संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण गराउने,

(घ) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमिहीन कृषक, बेरोजगार, श्रमिक, दलित तथा अल्पसङ्ख्यक जनजातिसमेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योग प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) सहकारी व्यवसाय, कृषि उपजको मूल्य श्रृङ्खला विकास तथा सो सम्बन्धी अन्तर सहकारी कारोबारको आयोजनालाई सहयोग पुऱ्याउने,

(च) संस्थाको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताको प्रचलन तथा संस्थामा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(छ) ऐन र यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने संस्थालाई ऐनमा भएको व्यवस्था बमोजिम जरिबाना तथा अन्य कारबाही गर्ने,

(ज) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन मन्त्रालयमा पेस गर्ने,

(झ) आवश्यक मापदण्ड निर्धारण गरी संस्थाको सेवा केन्द्र, सङ्कलन केन्द्र र बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ञ) सहकारी शिक्षा र तालिम क्रियाकलापको तर्जुमा, सञ्चालन र विस्तार कार्यको समन्वय गर्ने,

(ट) निस्क्रिय अवस्थामा रहेका साझा संस्थालाई सक्रिय बनाउन आवश्यक कार्य गर्ने।

(२) रजिष्ट्रारले ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

५०. **प्रतिनिधि पठाउन सकिने**: (१) ऐनको दफा ११७ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संघको विनियममा व्यवस्था भए बमोजिम सदस्य सङ्ख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म प्रतिनिधि तोकी पठाउन सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने एक जना प्रतिनिधि तोकी पठाउनु पर्नेछ।

५१. **<u>सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरणः</u>** (१) संस्था वा अन्य निकायले संचालन गर्ने सहकारी सम्बन्धी तालिम, सचेतना कार्यक्रम र संस्थागत प्रमाणीकरण सम्बन्धी व्यवस्था सहकारी नियमावली, २०७५ बमोजिम हुनेछ।

(२) सहकारी सम्बन्धी तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्ने संस्था वा अन्य निकायले उपनियम (१) बमोजिम गरे वा नगरेको अनुगमन गरी रजिष्ट्रारको कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ।

५२. **<u>सहकारी सम्बन्धी प्रशिक्षण प्रदान गर्न सक्नेः</u>** (१) रजिष्ट्रारको कार्यालयले स्थानीय तहका पदाधिकारी तथा कर्मचारी र संस्थाको व्यवस्थापक, सदस्य तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षण प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रदान गरिने प्रशिक्षणका लागि आवश्यक पर्ने तालिम कार्यक्रम रजिष्ट्रारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५१ को अधीनमा रही संघले आफ्नो तथा आफ्नो सदस्य संस्थाका पदाधिकारी र कर्मचारीको लागि र संस्थाले आफ्नो पदाधिकारी र कर्मचारीको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रशिक्षण कार्यक्रममा प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिम लिएको व्यक्ति मात्र प्रशिक्षक हुन सक्नेछ।

(५) सहकारी प्रशिक्षण कार्यक्रम संघ, संस्था वा निकाय र रजिष्ट्रारको कार्यालयको संयुक्त वा साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ।

५३. **<u>अन्तर सहकारी कारोबारः</u>** (१) ऐनको दफा १२१ बमोजिम अन्तर सहकारी कारोबार गर्दा संलग्न संस्थाको विनियममा निर्धारित सदस्यको आवश्यकताको आधार लिएको हुनु पर्नेछ।

(२) संघले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य श्रृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाले आफ्ना सदस्यबाट उत्पादित उपज अग्रणी संस्थाको अवधारणाबाट कुनै एक संस्थामार्फत सङ्कलन, प्रशोधन, प्रमाणीकरण तथा बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन्।

(४) संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यले प्रदेशभरको कुनै संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ।

(५) बचत तथा ऋण सम्बन्धी अन्तर सहकारी कारोबारको हकमा मन्त्रालयले सम्बन्धित विषयगत संघ वा प्रदेश सहकारी बैंङ्कको भुमिका समेत निर्दिष्ट गरी तोकेको मापदण्डको सम्बद्ध संस्थाले पालना गर्नु पर्नेछ।

(६) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

५४. **विवाद समाधान समितिको गठनः** (१) ऐनको दफा ११६ बमोजिमको विवाद समाधान समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) रजिष्ट्रार कार्यालयको प्रशासन तथा प्रशिक्षण शाखा प्रमुख - संयोजक

(ख) प्रदेश सहकारी संघको प्रतिनिधि - सदस्य

(ग) मन्त्रालयको कानून अधिकृत - सदस्य

(घ) मन्त्रालयको सहकारी शाखा हेर्ने अधिकृत - सदस्य

(ङ) रजिष्ट्रारले तोकेको दुई जना विषय विज्ञ - सदस्य

(च) रजिष्ट्रारले तोकेको रजिष्ट्रार

कार्यालयको अधिकृत कर्मचारी - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित प्रत्येक संस्थाका एकजना प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

५५. **प्रोत्साहन गर्ने**: (१) ऐनको दफा १२२ बमोजिम मन्त्रालय वा रजिष्ट्रारको कार्यालयले वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम संघ, संस्था, सदस्य वा कर्मचारीलाई कदरपत्र वा नगद पुरस्कार वा दुवैद्वारा सम्मान तथा पुरस्कार मार्फत प्रोत्साहन गर्न सक्नेछ।

(२) यस नियम बमोजिमको सम्मान वा पुरस्कार जिल्लास्तरमा रजिष्ट्रारको कार्यालयले र प्रदेशस्तरमा मन्त्रालयले प्रदान गर्नेछ।

(३) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्न मन्त्रालयले आधार र मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिमको सम्मान वा पुरस्कारको लागि छनौट गर्न मन्त्रालयले पुरस्कार छनौट समिति गठन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

५६. **स्वीकृति लिनुपर्ने**: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको संस्थाले शाखा कार्यालय, सेवा केन्द्र, खरिद बिक्री केन्द्र वा त्यस्तै अन्य माध्यमबाट सेवा सञ्चालन गर्नु पूर्व आफ्नो नियमन क्षेत्राधिकार भएको निकायबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको स्वीकृति प्रदेशको नियमन क्षेत्राधिकार भएको संस्थाको हकमा त्यस्तो संस्था सदस्य रहेको संघ भए सम्बन्धित संघको सिफारिसमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपनियम (१) बमोजिमका संस्थाको विवरण सम्बन्धित स्थानीय तहले रजिष्ट्रारको कार्यालयमा र रजिष्ट्रारको कार्यालयले मन्त्रालय मार्फत विभागमा पठाउनु पर्नेछ।

५७. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ।

५८. **संघीय निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम गर्न सकिनेः** ऐनको दफा १३०क. बमोजिम मन्त्रालयबाट निर्देशिका, कार्यविधि तथा मापदण्ड नबनेसम्म संघीय निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम कार्य सम्पादन गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

<u>सहकारी संस्था/संघ दर्ताको लागि दिइने दरखास्त</u>

श्री रजिष्ट्रारज्यू,
भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

विषयः <u>सहकारी संस्था/संघ दर्ता गरी पाउँ।</u>

महोदय,

हामी देहाय बमोजिमका व्यक्ति/संस्था देहाय बमोजिमका कुरा खोली सहकारी संस्था/संघ दर्ताको लागि उद्देश्य अनुरुप तत्काल गर्ने कार्यको योजना र प्रस्तावित विनियम दुई प्रति यसैसाथ संलग्न राखी पेश गरेका छौं। सहकारी संस्था/संघ दर्ता गरी पाउँ।

सहकारी संस्था/संघ सम्बन्धी विवरणः

(क) प्रस्तावित संस्था/संघको नामः

(ख) ठेगानाः

(ग) उद्देश्यः

(घ) मुख्य कार्यः

(ङ) कार्यक्षेत्रः

(च) दायित्वः

(छ) सदस्य सङ्ख्याः

(१) महिला ....जना

(२) पुरुष ....जना

(३) जम्मा ....जना

(ज) प्राप्त शेयर पुँजीको रकमः ....

(झ) प्राप्त प्रवेश शुल्कको रकमः ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आवेदकको

नामः-

हस्ताक्षरः-

पदः- तदर्थ सञ्चालक समितिको अध्यक्ष (प्रस्तावित .... सहकारी संस्था/संघ लि.)

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

<u>सम्भाव्यता अध्ययन प्रतिवेदन</u>

१. संस्था/संघको परिचयः

२. संस्था/संघ गठन गर्नुपर्नाको कारणः

३. सदस्यताको जनसाङ्ख्यिक आधारः

४. सहभागिताको औचित्यः

५. व्यावसायिक सम्भाव्यताः

(क) सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः

(ख) सदस्यको हित संरक्षण सुनिश्चित गर्ने आधारः

(ग) कारोबारबाट हुने बचतको प्रक्षेपणः

६. पुँजी आवश्यकता र स्रोतः

(क) आवश्यकताको अनुमानः

(ख) स्रोतः

(ग) पुँजी परिचालनका तर्कसम्मत आधारः

७. बजार विश्लेषणः

(क) नजिकको बजारको नाम र अनुमानित दुरीः

(ख) टाढाको बजारको नाम र अनुमानित दुरीः

(ग) प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारः

८. कार्य क्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाको सङ्ख्या, सेवा प्रवाहको अवस्था र सदस्यको लागि प्रस्तावित संस्थाको औचित्यः

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थामा संलग्न हुन नसक्ने कारणः

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आधारः

११. जनशक्ति व्यवस्थापनः

१२. संस्था/संघको विकास र स्थायित्वका आधारः

अनुसूची-३
(नियम ६ को उपनियम (२) र नियम २५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

आवेदकको शेयर सम्बन्धी विवरण

सि. नं.	बाजेको नाम, थर	बाबुको नाम, थर	पति वा पत्नीको नाम, थर	आवेदकको नाम, थर	उमेर	ठेगाना	पेशा	सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण			सम्पर्क टेलिफोन वा मोवाइल नं.	औंठाछाप	फोटो र फोटामा पर्ने गरी सहीछाप
								प्रति शेयर रकम रु.	खरिद शेयर सङ्ख्या	शेयरको जम्मा रकम रु.			

अनुसूची-४

(नियम ६ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

व्यावसायिक कार्य योजना

संस्था/संघ/बैंकको नामः-

ठेगानाः-

(क) उद्देश्यः-

१. ....
....

२. ....
....

३. ....
....

(ख) कार्यः-

१. ....
....

२. ....
....

३. ....
....

४. ....
....

५. ....
....

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) अगामी तीन वर्षपछिको अवस्था प्रक्षेपणः-

१. सदस्यता विस्तारको लक्ष्यः

विवरण	पहिलो वर्ष (२०...)	दोस्रो वर्ष (२०....)	तेस्रो वर्ष (२०.....)	कैफियत
सदस्य सङ्ख्या(संघ/संस्था)				
महिला				
पुरुष				
जम्मा				

२. व्यावसायिक सेवा विस्तारको लक्ष्यः

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कैफियत
सदस्य सङ्ख्या (संघ/संस्था)				
परिमाण (..........) उत्पादन				
रकम (रु.)				
लाभान्वित हुने सदस्य संख्या				
सदस्य (संघ/संस्था) लाई वस्तु वा सेवा बिक्री				
बिक्री परिमाण (..............)				
बिक्री रकम (रु.)				

आन्तरिक मामिला तथा कानून मन्त्रालय

लाभान्वित हुने सदस्य सङ्ख्या				
संस्थाका सदस्यलाई रोजगारीको अवसर सृजना प्रत्यक्ष र पूर्णकालीन (जना)				
रोजगारीको अप्रत्यक्ष अवसर (जना)				
पूर्णकालीन (वर्षमा २०८० घण्टाको एक जनाको हिसाबमा जम्मा जना)				
संस्थाका सदस्यलाई ऋण सेवा (वार्षिक) रकम (रु.)				
ऋण लिने सदस्य सङ्ख्या				
संस्थाका सदस्यलाई बचत सेवा (मौज्दात) रकम (रु.)				

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बचत जम्मा गर्ने सदस्य सङ्ख्या				

३. सहकारी गतिविधि विस्तारको लक्ष्यः

विवरण	पहिलो वर्ष (२०....)	दोस्रो वर्ष (२०....)	तेस्रो वर्ष (२०.....)	कैफियत
(क) सदस्य शिक्षा (वार्षिक जना)				
(ख) गाउँ/टोल/ उपक्षेत्रीय सदस्य बैठक आयोजना (वार्षिक पटक)				
(ग) सामुदायिक विकासका योजना सञ्चालन				

(घ) पुँजीको स्रोत र उपयोग

विवरण	पहिलो वर्ष (२०....)	दोस्रो वर्ष (२०....)	तेस्रो वर्ष (२०....)	कैफियत
आवश्यकता (वार्षिक जना)				
१. स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना,				

आन्तरिक मामिला तथा कानून मन्त्रालय

उपकरण, फर्निचर आदि)				
२. चालु पुँजीतर्फ (मौज्दात मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि)				
ऋण लगानीतर्फ				
जम्मा				
३. लगानीको स्रोत				
शेयर पुँजी (रु.)				
जगेडा कोष (रु.)				
अन्य (रु.)				
४. सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र)				
जम्मा				

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) कार्यान्वयन जिम्मेवारी बाँडफाँडः

१. सञ्चालक समितिको जिम्मेवारीः

(क)

(ख)

(ग)

२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारीः

(क)

(ख)

(ग)

३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीः

(क)

(ख)

(ग)

४. व्यवस्थापन कर्मचारीको जिम्मेवारीः

(क)

(ख)

(ग)

५. प्रत्येक सदस्यको जिम्मेवारीः

(क)

(ख)

(च) कार्य योजनाबाट संस्थाका सदस्यको जीवनमा पर्ने प्रभावका सूचकः-

१.

२.

(छ) कार्यान्वयन प्रगतिको समीक्षा र जवाफदेहिता स्थापित गर्ने विधिः-

१.

२.

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-५

(नियम ६ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)

सङ्कलित रकम बुझेको भरपाई

प्रस्तावित ………… सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ………….. म श्री …….. ले प्रस्तावित सहकारी संस्था लि. का सदस्यको ………. प्रारम्भिक भेलाको मिति …… को निर्णय बमोजिम प्रति शेयर रु. १००/- का दरले जम्मा शेयर सङ्ख्याको हुन आउने रकम रु. ……….. (अक्षेरुपी …………….. मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु. …….. /- का दरले हुन आउने रकम रु. ……… (अक्षेरुपी ……………..मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहीछाप गरी ………….. कार्यालयमा पेस गरेको छु। जम्मा भएको रकम हाल मेरो नाममा ………… बैंकको बैंक हिसाब नं. …….. मा जम्मा गरी सोको बैंक भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भए पश्चात नियमानुसार संस्थाको आफ्नै बैंक खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु। फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

इति संवत् २०……..साल ……. महिना …… गते रोज..

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(नियम ६ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित

<u>तदर्थ सञ्चालक समितिको सदस्यको विवरण</u>

सि.नं.	बाजेको नाम, थर	बाबुको नाम, थर	पति वा पत्निको नाम, थर	सञ्चालकको नाम, थर	पद	ठेगाना	पेशा	निर्वाचित मिति	बहाल रहने अवधि	औँठाछाप	सम्पर्क नं.	फोटो र फोटामा पर्ने गरी सहीछाप

अनुसूची-७

(नियम ६ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

स्व-घोषणापत्र

प्रस्तावित श्री .... सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो सदस्यको आर्थिक र सामाजिक उन्नयन गर्ने उद्देश्य बाहेक अन्य कुनै उद्देश्य नभएको र देहाय बमोजिम उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौंः-

हामी आवेदकहरु कोही पनिः-

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य रहेका छैनौं।
- बैंक, वित्तिय संस्था वा अन्य कुनै सहकारी संघ संस्थाको कालो सूचीमा परेको छैनौं।
- यसअघि सहकारी संस्था खोली सदस्यको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति होइनौं।
- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका छैनौं।
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्पिरकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर गर्दछौं।

उपयुक्त व्यहोरा ठीक, साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहिछाप गर्नेः-

सि.नं.	आवेदकको नाम र थर	नागिरकता नं. र जिल्ला	हालको ठेगाना र सम्पर्क नम्बर	दस्तखत
१.				
२.				

अनुसूची-८

(नियम ६ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

अधिकार प्रत्यायोजन पत्र

मितिः २०...../..../

श्री रजिष्ट्रारज्यू,
भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

विषयः अधिकार प्रत्यायोजन।

यस प्रस्तावित .... सहकारी संस्था/संघ/बैंक लि. को मिति २०.../....../.... मा बसेको .... प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक कामकारबाही गर्न देहायको दस्तखत नमूना भएको तदर्थ सञ्चालक समितिका .... श्री .... र .... श्री .... समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं। निजले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको विवरण-

सि.नं.	नाम, थर	ठेगाना	पद	दस्तखत
१.				
२.				

आवेदकको विवरण

सि.नं.	नाम,थर	ठेगाना	पद	दस्तखत
१.				
२.				

द्रष्टव्यः अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ।

भूमि व्यवस्था तथा कानून मन्त्रालय

अनुसूची-९

(नियम ६ को उपनियम (४) को खण्ड (ग) र नियम २५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>संघ दर्ताका लागि आवेदन दिने संघ वा संस्थाको विवरण</u>

सि.नं.	आवेदक संघ/संस्थाको नाम	दर्ता नं. र मिति	ठेगाना	विषयगत वर्गीकरण	कार्य क्षेत्र	सदस्य सङ्ख्या (जना)	शेयर पुँजी (रु.)	जगेडा कोष (रु.)	खरिद गर्ने शेयरको विवरण			आधिकारीक प्रतिनिधिको नाम, थर	दस्तखत	कैफियत
									प्रतिशेयर रकम (रु.)	खरिद शेयर सङ्ख्या	शेयरको जम्मा रकम (रु.)			

अनुसूची-१०

(नियम ६ को उपनियम (६) को खण्ड (क) र नियम २५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>प्रदेश सहकारी बैंक दर्ताका लागि आवेदन दिने संघ र संस्थाको विवरण</u>

सि. नं.	आवेदक संघ/ संस्थाको नाम	दर्ता नं. र मिति	ठेगाना	कार्य क्षेत्र	सदस्य संङ्ख्या (जना)	शेयर पुँजी (रु.)	जगेडा कोष (रु.)	वित्तीय अवस्था					खरिद गर्ने शेयरको विवरण			आधिकारिक प्रतिनिधिको नाम, थर	दस्तखत	कैफियत
								जम्मा बचत रकम (रु.)	जम्मा ऋण लिएको रकम (रु.)	जम्मा ऋण लिएको निकाय	जम्मा ऋण लगानी (रु.)	पछिल्लो आ.व. को नाफा/घाटा रकम (रु.)	प्रतिशेयर रकम (रु.)	खरिद शेयर सङ्ख्या	शेयरको जम्मा रकम (रु.)			

अनुसूची-११

(नियम ६ को उपनियम (७) को खण्ड (क) र नियम २५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)

विशिष्टीकृत संघ दर्ताका लागि आवेदन दिने संस्थाको विवरण

सि. नं.	आवेदक संस्थाको नाम	दर्ता नं. र मिति	ठेगाना	विषयगत वर्गीकरण	कार्य क्षेत्र	सदस्य संङ्ख्या	शेयर पुँजी (रु.)	जगेडा कोष (रु.)	कारोबारको अवस्था					खरिद गर्ने शेयरको विवरण			संस्थाको आधिकारिक प्रतिनिधि को नाम थर	दस्तखत	कैफियत
									जम्मा बचत रकम (रु.)	जम्मा ऋण लगानी (रु.)	पछिल्लो आ.व.को जम्मा खरिद (रु.)	पछिल्लो आ.व.को जम्मा बिक्री (रु.)	पछिल्लो आ.व.को नाफा/नोक्सान रकम (रु.)	प्रति शेयर रकम (रु.)	खरिद शेयर सङ्ख्या	शेयरको जम्मा रकम (रु.)			

अनुसूची-१२

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

सहकारी संस्था वा संघ दर्ता प्रमाणपत्र

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय
वीरेन्द्रनगर सुर्खेत

दर्ता प्रमाण-पत्र

दर्ता नंः

दर्ता मितिः२०...../......./......

कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा .... बमोजिम श्री ....लि. .... लाई सिमित दायित्व भएको संस्था/संघमा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

संस्था/संघको वर्गीकरण ....

दर्ता गर्ने अधिकारीको,
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१३

(नियम १४ सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने विषय

प्रस्तावनाः

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्य क्षेत्र
७. संस्थाको सदस्य
८. सदस्य हुनका लागि चाहिने योग्यता
९. सदस्यताका लागि निवेदन र प्राप्ति
१०.सदस्यताको अन्त्य
११.सदस्यताको निष्कासन
१२.सदस्यताबाट राजीनामा
१३.पुनः सदस्यता प्राप्ति
१४.सदस्यको काम, कर्तव्य र अधिकार
१५.सदस्यता खुला रहने विषय
१६.सदस्यता प्राप्ति पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनु पर्ने
१७.शेयर पुँजी
१८.सदस्य हुनको लागि कम्तीमा एक कित्ता शेयर खरिद गर्नु पर्ने
१९.थप शेयर खरिद गर्न सक्ने
२०.शेयर फिर्ता वा हस्तान्तरण
२१.प्रवेश शुल्क
२२.कृत्रिम छेकबार नलगाइने
२३.शेयर प्रमाणपत्र
२४.सदस्यको दायित्व सीमित हुने
२५.प्रारम्भिक साधारण सभा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२६.वार्षिक साधारण सभा
२७.विशेष साधारण सभा
२८.साधारण सभाको बैठक सम्बन्धी व्यवस्था
२९.साधारण सभाको काम, कर्तव्य र अधिकार
३०.साधारण सभाको निर्णय अनिवार्य हुने
३१.गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२.गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३.गाउँ/टोल उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४.सञ्चालक समिति,
३५.सञ्चालक समितिको, काम, कर्तव्य र अधिकार
३६.सञ्चालक समितिको बैठक
३७.लेखा सुपरीवेक्षण समिति
३८.उत्तरदायित्व शृङ्खला
३९.व्यवस्थापकको नियुक्ति
४०.व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४१.विषेश जिम्मेवारी
४२.संस्थाको कर्मचारीको नियुक्ति तथा सेवा शर्त सम्बन्धी व्यवस्था
४३.संस्थाको कोष
४४.कोषको सुरक्षा
४५.कोषको उपयोग
४६.जगेडा कोष र कोषमा रहने रकम
४७.संरक्षित पुँजी फिर्ता कोष
४८.लाभांश वितरण नगरिने
४९.जगेडा कोषमा रकम सार्नुपर्ने
५०.बचत संकलन गर्न सक्ने वा नसक्ने
५१.बचत सङ्कलनमा सीमा
५२.ऋण प्रवाह
५३.ऋण प्रवाहको सीमा
५४.ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने

आन्तरिक मामिला तथा कानून मन्त्रालय

५५.साधारण सभाको स्वीकृति लिनु पर्ने
५६.सदस्य केन्द्रीयता
५७.स्वार्थ बाझिने निर्णयमा सहभागि नहुने
५८.कर्मचारीसँगको कारोबारमा निर्बन्धन
५९.जोखिम मूल्याङ्कन
६०.गैरसदस्य कारोबार नगरिने
६१.कारोबारको लेखा
६२.खाताबही
६३.आन्तरिक हिसाब जाँच
६४.वार्षिक हिसाब जाँच
६५.विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नु पर्ने
६६.अन्य आधारभूत कागजात
६७.एकीकृत सूचना प्रणालीमा आबद्धता
६८.रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन पेश गर्ने
६९.वित्तीय अनुसन्धान एकाईमा प्रतिवेदन पेश गर्ने
७०.साधारण सभामा जानकारी गराउनु पर्ने
७१.हकवालाको मनोनयन
७२.हकदाबी वा नामसारी
७३.निर्वाचन
७४.शपथ ग्रहण
७५.एकीकरण वा विभाजन
७६.कार्यान्वयन अधिकारी
७७.मध्यस्थता
७८.समानता र समता
७९.विनियम संशोधन सम्बन्धी व्यवस्था
८०.साधारण सभाले आन्तरिक कार्यविधि बनाउन सक्ने
८१.व्याख्या गर्ने अधिकार
८२.ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१४

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

संरक्षित पुँजी फिर्ता कोष वितरणका आधार

१. उत्पादक सहकारी संस्थाः

(क) सदस्यहरुले आफ्नो उपज संस्थालाई बेच्छ भनेः-

(सदस्यले संस्थालाई बिक्री गरेको उपजको वार्षिक मूल्य) / (संस्थाले सदस्यहरुसँग गरेको कुल वार्षिक खरिद मूल्य) X संरक्षित पुँजी फिर्ता कोषको रकम

(ख) सदस्यले आफ्नो उपज संस्थालाई बेच्छ र उपज वृद्धि गर्न आवश्यक सामाग्री संस्थाबाट खरिद गर्छ भनेः-

(सदस्यले संस्थालाई बिक्री गरेको उपजको वार्षिक मूल्य र सदस्यले आफ्नो आवश्यकताको वस्तु संस्थाबाट खरिद गरेको वार्षिक खरिद मूल्यको योग) / (संस्थाको कुल वार्षिक खरिद र बिक्रीको योग) X संरक्षित पुँजी फिर्ता कोषको रकम

२. उपभोक्ता सहकारी संस्थाः

(सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको वार्षिक मूल्य) / (संस्थाको जम्मा वार्षिक बिक्रीको मूल्य) X संरक्षित पुँजी फिर्ता कोषको रकम

३. वित्तीय सहकारी संस्थाः

(क) बचततर्फ

(संस्थाबाट सदस्यले बचत बापत प्राप्त गरेको वार्षिक कुल ब्याज रकम) / (संस्थाले बचतको ब्याज बापत कुल बचतकर्ता सदस्यहरुलाई भुक्तानी गरेको जम्मा वार्षिक ब्याज रकम) X संरक्षित पुँजी फिर्ता कोषको चालीस प्रतिशत रकम

(ख) ऋणतर्फ

(सदस्यले ऋणमा तिरेको वार्षिक कुल ब्याज रकम) / (संस्थाले ऋणको ब्याज बापत कुल ऋणी सदस्यहरुबाट प्राप्त गरेको जम्मा वार्षिक ब्याज रकम) X संरक्षित पूँजि फिर्ता कोषको साठी प्रतिशत रकम

द्रष्टब्यः भाखा नघाई तिरेको ब्याजलाई कारोबारको रकममा गणना गरिने छैन।

४. श्रमिक सहकारी संस्थाः

$$\frac{\text{सदस्यले संस्थाबाट प्राप्त गरेको वार्षिक कुल ज्याला रकम}}{\text{संस्थाले सदस्यहरुलाई ज्याला बापत भुक्तानी गरेको वार्षिक कुल ज्याला रकम}} \times \text{संरक्षित पुँजी फिर्ता कोषको रकम}$$

५. बहुउद्देश्यीय सहकारी संस्थाः

$$\frac{\text{सदस्यले संस्थासँग गरेको वार्षिक कारोबार रकम}}{\text{संस्थाको वार्षिक कारोबार रकम}} \times \text{संरक्षित पुँजी फिर्ता कोषको रकम}$$

द्रष्टब्यः एक सदस्यलाई खण्ड १, २, ३ र ४ मध्ये कुनै एक विषयमा मात्र संरक्षित पुँजी फिर्ता कोषको रकम फिर्ता दिइनेछ।

निर्णय भएको मितिः २०८०/०४/०७

आज्ञाले,
डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला